का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं.३६९९२/०६९/०७०

फोन.नं. ०१-४५३२२७०/०१-४५३२२७१ पो.ब.नं. २०७१२
Email:- info@fenegosida.org
Website:- www.fenegosida.org

नेपाल सुनचाँदी व्यवसायी महासंघ

Federation of Nepal Gold & Silver Dealers' Associations

स्वर्ण दर्पण मासिक ई बुलेटिन
बर्ष १ अंक १
ने.सं. ११४५ जेष्ठ २०८२

# स्वर्ण दर्पण ई बुलेटिन

## महासंघहरूको दवावपछि सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्ने कानूनी प्रबन्ध गर्न संसदीय समितिले दियो वाणिज्य मन्त्रालयलाई निर्देशन



काठमाडौं । सुनचाँदी व्यवसायी महासंघहरुको निरन्तरको दवाव र पहलकदमी पश्चात सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्ने कानूनी प्रबन्ध गर्न संसदीय समितिले वाणिज्य मन्त्रालयलाई निर्देशन दिएको छ ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बुधबारको बैठकपछि समितिले उद्योग, वाणिय तथा आपूर्ति मन्त्रालयलाई सुनचाँदी व्यवसायलाई थप व्यवस्थित र मर्यादित बनाउने, सुनचाँदी, हिरा, जवाहरात तथा बहुमुल्य धातुको आयात प्रणालीलाई व्यवस्थित गर्ने, धातुजन्य तयारी गरगहनाको निर्यात प्रवर्द्धन गर्ने, खरिद तथा विक्रीलाई डिजिटल प्रणणलीमा आवद्ध गर्ने लगायतका बिषय समवेस गरी कानूनी प्रबन्ध गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको हो ।

समितिले सुनचाँदीको शुद्धता मापनका लागि आवश्यक प्रवन्ध गर्न पनि मन्त्रालयलाई निर्देशन दिएको छ । यसअघि नेपालमा सुनचाँदी व्यवसायलाई नियमन एवं व्यवस्थित गर्ने नीति नियम तथा कानूनको अवस्थामा सम्वन्धमा समितिमा सरोकारवाला निकायसँग छलफल भएको थियो ।

छलफलमा समितिका सभसापति एवं सदस्यहरुको साथै उद्योग वाणिज्य तथा आपूती मन्त्री दामोदर भण्डारी लगायत मन्त्रालयका उच्च पदस्थ अधिकारीहरु, नेपाल राष्ट्र बैंकका प्रतिनिधि, उपभोक्ता अधिकारकमी लगायतको सभागिता रहको थियो ।वाणिज्यमन्त्री भण्डारीले सुनचाँदी व्यवसाय व्यवस्थापन र नियमन सम्बन्धी मन्त्रालयको प्रतिवेदन संसदीय समितिका सभापति अब्दुल खानलाई हस्तान्तरण गर्नुभयो ।

त्यसक्रममा वाणिज्यमन्त्री भण्डारीले सुनचाँदी गरगहना कारोबार र गुणस्तरका लागि सरकार शून्य सहनशीलताका साथ प्रस्तुत हुने बताउँदै सुनचादी गुणस्तर मापनका लागि अत्याधुनिक जाँच मेसिन निकट भविष्यमै आइपुग्ने बताउनुभयो ।

सुनचाँदी व्यवसाय सँग सम्वन्धित विभिन्न क्षेत्रका व्यवसायीह?को समेत सहभागिता रहेको सो छलफलमा नेपाल सुनचाँदी व्यवसायी महासंघको तर्फवाट नेपालमा सुनचाँदी व्यवसायलाई नियमन एवं व्यवस्थित गर्ने नीति नियम तथा कानूनको अवस्थाका सम्बन्धमा हालसम्म व्यवसायीका तर्फवाट तयार गरिएको दस्तावेज समितिका सभापति अब्दुल खानलाई हस्तान्तरण गरिएको थियो ।

त्यसक्रममा महासंघका कार्यवाहक अध्यक्ष दियेशरत्न शाक्यले प्रष्ट ऐन कानूनको अभावमा व्यवसाय सञ्चालनमा नै समस्या आएको भन्दै शिघ्र ऐन तथा नीति, नियम एवं निर्देशिका ल्याउन आग्रह गर्नुभयो । उहाँले पुरानो पुस्ताले जस्तो नयाँ पुस्ताले झमेला , जोखिम र अनिश्चितता बोकेर व्यवसाय सम्हाल नसक्ने भएकोले व्यवसायमा विदेशिन खोज्ने युवालाई आकर्षित गर्न पनि समय सापेक्ष ऐननियमको खाँचो औंल्याउनु भयो ।

नेपाल सुनचाँदी तथा रत्न आभूषण महासङका अध्यक्ष किसान सुनारले व्यवसायीहरूले भोग्नुपरेका समस्याहरू उल्लेख गर्दै यसको समाधानका लागि एवं सुनचाँदी व्यवसायको विकासमार्फत राष्ट्रिय अर्थतन्त्र दरिलो बनाउन पनिसमय सापेक्ष ऐन नियमको आवश्यकता रहेको बताउनुभयो ।

छलफलका क्रममा वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले सुनचाँदी सँग सम्वन्धित कानुन निर्माणको क्रममा रहेको बताउनुभयो । त्यसक्रममा सहभागी साम्सदहरुले सुनचाँदी कारोबार सम्वन्धी कानुन सिघ्र निर्माण गर्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

त्यस अवसरमा महासंघका तर्फवाट महाससचिव किरणभाई बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ लगयातका व्यवसायीहरुको सहभागिता रहेको थियो ।

## नेपाल सुनचाँदी व्यवसायी महासंघले गरायो बैंकर्ष संघको ध्यानाकर्षण : कार्य विधिमा भएको व्यवस्था अनुसार १०० र २०० ग्रामका सुनका बार ल्याउन र नाका नाकावाट सुन उपलब्ध गराउन आग्रह



काठमाडौं । नेपाल सुनचाँदी व्यवसायी महासंघले नेपाल बैंकर्ष संघको ध्यानाकर्षण गराउँदै सुनचाँदी व्यवसायीका गुनासालाई तत्काल सम्बोधन गर्न आग्रह गरेको छ । महासंघको प्रतिनीधिमण्डलले सुन आयात तथा बिक्री बितरण सम्वन्धी कार्यविधिमा भएको व्यवस्था अनुरुपका सुविधा व्यवसायीलाई दिन आग्रह गर्दै संघको ध्यानाकर्षण गराएको हो ।

महासंघको प्रतिनिधीमण्डलले कार्यविधिमा भएको व्यवस्था अनुरुप १००, २००, ५०० र १००० ग्राममा बारमा कच्चा सुन उपलब्ध गराइनु पर्ने तथा कार्यविधिमा तोकिएका नाकाहरु बागमति तथा धनगढी, नेपालगञ्ज, सिद्धार्थनगर, पोखरा, बीरगञ्ज, जनकपुर, विराटनगर र भद्रपुर क्षेत्रबाट अनिवार्यरुपमा र सुलभ दरमा बिक्री वितरण हुने व्यवस्था मिलाउनु पर्ने माग गरेको छ । यस्तै महासंघले गरेका अन्य मागहरुमा बजारको माग र आवश्यकता अनुरुप कार्य विधिमा भएको व्यवस्था अनुरुप पर्याप्त मात्रामा कच्चा सुनको आपूर्ति गरिनु पर्ने, बैंकहरु मार्फत हुने कार्य प्रकृयालाई सरलिकरण गरिनु पर्ने, एउटा बैंकमा मात्र खाता भए पनि सुन पाउनु पर्ने, १५ दिनभित्र सुन उठाइसक्नु पर्ने व्यवस्था रहेकोमा १५ दिनको गणना हुँदा कार्य दिनका आधारमा मात्र हुनुपर्ने, १५ दिनको अवधि सकीएपछि पनि महासंघहरुसँगको सल्लाह र सहकार्यका अधारमा सुन वितरण गर्नुपर्ने, बैंक दर विहान १०.१५ बजे नै उपलब्ध गराइनु पर्ने, बैंक अनुसार फरक फरक हुने मुल्यमा एकरुपता ल्याइनु पर्ने लगायतका छन् ।

बैकर्ष संघ र विभिन्न बैंकका ट्रेजर विभाग प्रमूखहरु समेत सहेको सो अवसरमा महासंघका कार्यवाहक अध्यक्ष दियेशरत्न शाक्यले कार्यविधिमा भएका व्यवस्था अनुरुप सुविधा नपाएकोले संघको ध्यानाकर्षण गराउनुपरेको बताउनुभयो ।

त्यसक्रममा बैंकर्ष संघका पदाधिकारीहरुले कार्यविधिमा भएको व्यवस्था अनुरुप सकभर व्यवसायीका माग पुरागर्न आफूहरुले पहल गर्ने आश्वासन दिए । यस्तै त्यस अवसरमा विभिन्न बैंकका ट्रेजरी विभाग प्रमूखहरुले व्यवसायीको माग अनुसार बैंकले के कसरी काम गर्न सकिन्छ भन्ने बिषयमा आन्तरिक छलफल गरी केही दिनभित्रैमा आवश्यक निर्णय लिइने बताए । उनीहरुले महासंघले गरेको माग अनुसार १०० र २०० ग्रामका बारमा सुन उपलब्ध गराउँदा प्रतितोला २ सय देखि ३ सय रुपैयाँ सम्म महँगो पर्न सक्ने भन्दै यस बिषयमा आवश्यक गृहकार्य गरी महासंघलाई जानकारी गराउने प्रतिवद्धता जनाए । यस्तै उपत्यका वाहिरका नाकाहरुमा सुन उपलब्ध गराउँन पनि आफूहरु तयार रहेको तर त्यसका लागि केही शुल्क भने लाग्ने बताए । यो शुल्क कहाँका लागि कति लाग्ने भन्ने बिषयमा पनि सिघ्र जानकारी पदने प्रतिवद्धता उनीहरुले जनाएका छन् ।

भेटका क्रममा महासंघका तर्फवाट प्रथम उपाध्यक्ष एवं सुन सिफारिस समितिका संयोजक धर्मसुन्दर बज्राचार्य, महासचिव किरणभाई बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## सुनचाँदीको कारोबारमा लगाइएको २ प्रतिशत विलासिता शुल्क खारेज गर्न सुनचाँदी ब्यवसायी महासंघको आग्रह



काठमाडौं । नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनचाँदीको गरगहनाको कारोबारमा लगाइएको २ प्रतिशत विलासिता शुल्क तत्काल खारेज गर्न सरकारको ध्यानाकर्षणा गराएको छ । महासंघका अध्यक्ष अर्जुन रसाइलीको नेतृत्वमा बिहिबार गएको महासंघको प्रतिनिधीमण्डलले आगामी आर्थिक बर्ष २०८२/८३ को बजेट मार्फत उक्त माग सम्वोधन गर्न अर्थ मन्त्रालयको ध्यानाकर्षण गराएको हो ।

त्यसक्रममा महासंघले सुनचाँदी व्यवसायका क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि आवश्यक विभिन्न १३ वटा बुँदा समेटेर तयार गरिएको ज्ञापन पत्र बुझाएको छ । जसमा सुनचाँदीको पर्याप्त आपूर्ति व्यवस्था, सुनचाँदी उद्योग दर्ता प्रकृयामा सरलिकरण, सुलभ भन्सार दरको व्यवस्था, पुराना र विना विलका गरगहना खरिदका लागि प्रष्ठ कानूनी व्यवस्था लगायतका विषय समेटिनु पर्ने माग गरिएको छ । यस्तै नेपाल राष्ट्र बैंकको कार्य विधिमा भएको व्यवस्था अनुसार १००, २००, ५०० र १००० ग्रामका बारमा उपलब्ध

गराउने, कार्यविधिमा तोकिएका नाकाहरु वागमति तथा धनगढी, नेपालगञ्ज, सिद्धार्थनगर, पोखरा, बीरगञ्ज, जनकपुर, विराटनगर र भद्रपुर क्षेत्रबाट अनिवार्यरुपमा बिक्री वितरण हुने व्यवस्था मिलाउनु पर्नेछ ।वाट स्थानियस्तरमा नै सुलभ दरमा कच्चा सुन उपलब्ध हुने व्यवस्था, निकासी विन्दुमा नै ड्युटी ड्र ब्याकको व्यवस्था लगायतका माग पनि महासंघले अगाडि सारेको छ ।

महासंघका अन्य मागहरुमा आयकरको सिमा बढाउनुपर्ने, भिजिटिगुण्टा लअन्तर्गत विदेशवाट नेपाल आउने  व्यक्तिले ल्याउन पाउने सुनको परिमाण महिला र पुरुषमा समान गरिनुपर्ने र त्यस्तो सुन खरिद विक्रीका लागि प्रष्ट कानूनी व्यवस्था हुनुपर्ने, अनलाइन विलिङको सिमा वृद्धि गरिनु पर्ने, २० करोड भन्दा माथिको कारोबार गर्नेलाई मात्र गोएमएलमा दर्ता हुने यवस्था मिलाउनु पर्ने, विदेशवाट फर्किएर आउने नेपालीले फिर्ता ल्याएका गहना विलविजकका आधारमा सहजै ल्याउने पाउने व्यवस्था गरिनुपर्ने लगायतका माग महासंघले अगाडि सारेको छ ।



महासंघका मागहरुको सम्वोधन गर्दै उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेलले व्यवसायीका माग सम्वोधन गर्न सरकार सकारात्मक भएको बताउनुभयो । त्यसका लागि मन्त्रालयले सक्दो पहल गर्ने प्रतिवद्धता उहाँले जनाउनुभयो ।

त्यसक्रममा मन्त्रालयका सहसचिव एवं राजस्व महाशाखा प्रमूख उत्तर कुमार खत्रीले महसांघले राखेका मागहरुलाई अध्ययन गरी संभव भएसम्म त्यसलाई सम्वोधन गर्ने आश्वासन दिनुभयो ।

भेटका क्रममा महासंघका अध्यक्ष अर्जुन रसाइलीले व्यवसायीका समस्यालाई सम्वन्धित निकायले बुझ्न नसक्दा व्यवसायीलाई धेरै मर्का परेको उल्लेख गर्दै महासंघले उठाएका मागलाई आगामी बजेटमार्फत प्रष्ट सम्वोधन गर्न आग्रह गर्नुभयो । त्यसक्रममा महासंघका तर्फवाट वरिष्ठ उपाध्यक्ष दियेशरत्न शाक्य, प्रथम उपाध्यक्ष धर्मसुन्दर बज्राचार्य, महासचिव किरणभाई बज्राचार्य, कोषाध्यक्ष सुदिप श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

महासंघले सुनचाँदी व्यवसायीका मागलाई सम्वोधन गर्न आग्रह गर्दै यसअघि पनि पटक पटक अर्थमन्त्रालय, नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग लगायतको ध्यानाकर्षण गराइसककेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र नेपाल हस्तकला महासंघ गरी सुनचाँदी क्षेत्रमा आवद्ध तीनैवटा महासंघको हाले सातै प्रदेशमा सम्पन्न भेलाले दिएका सुझावहरुलाई समेत समेटेर महासंघले पुनः अर्थमनत्रालयको ध्यानाकर्षण गराएको हो । गत बैशाख २७ गते तीनै वटा महासंघको संयुक्त आयोजनामा सातै प्रदशेमा सुनचाँदी व्यवसाय सम्वन्धी वृहत राष्ट्रिय भेला सम्पन्न भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघ नेपाल भरका सुनचाँदी व्यवसायीहरुको साझा र व्यावसायीको हकहितको लागि खडा भएका गैर-व्यावसायीमुलक

संस्था हो । सुनचाँदी व्यवसायमा देशभरका करिव २० हजार व्यवसायी तथा झण्डै ३ लाख को हाराहारिमा कालिगढ प्रत्येक्षरुपमा आवद्ध छन् । हामी व्यवसायीहरुको मूल कर्म भनेको नै सुन-चाँदीको आयात तथा विक्री वितरणको कर्म गरी राज्यको ऐन कानून अनुसार कर तिरी बचेको मुनाफा आर्जन गर्नु हो । सुनचाँदी क्षेत्र नेपालको एक मौलिक, कलात्मक र शीपमूलक व्यवसाय हो । यो न केवल सांस्कृतिक सामाजिक र धार्मिक सम्पदासँग जोडिएको छ । साथै यो हस्तकला, रोजगारी र साना र मझौला उद्यमको एक महत्वपूर्ण हिस्सा पनि हो । यो क्षेत्रमा करीव ३ लाख जनाले प्रत्यक्ष तथा परोक्ष रोजगारीका अवसर पाइरहेको अवस्था छ ।

सुनचाँदी गहना उद्योगले नेपालको कुल ग्राहस्थ उत्पादन ९न्मए० मा ३.४ प्रतिशत,राष्ट्रिय रोजगारीमा २.९ प्रतिशत, राजस्व योगदानमा ०.३ प्रतिशत योगदान गरेको छ । यो देशको मूल्य सूचकाङ्क वा मूल्य श्रृङ्खलामा सुन चाँदीका गरगहना उद्योगले ५.८ प्रतिशत मूल्य अभिवृद्धि योगदान गर्दछ ।

उद्योगहरूको वगीकरणमा ९५.७ प्रतिशत घरेलु तथा साना उद्योग, २.९ प्रतिशत मझौला उद्योग र १.४ प्रतिशत ठूला उद्योगहरू रहेका छन् । घरेलु र साना उद्योगहरू अधिकांश पारिवारिक पेशाको हिसाबमा सञ्चालित छन् ।

## खरिद विलको आधिकारिकता पुष्टिगर्न सुनचाँदी ब्यवसायीको माग, ब्यवसायिका माग सुनुवाई नभए आन्दोलनमा उत्रने चेतावनी



काठमाडौं । नेपाल सुनचाँदी व्यवसायी महासंघले सुनको खरिद विलको आधिकारिकताका सम्वन्धमा राज्यको प्रष्ट धारणा माग गरेको छ । खरिद विलको आधिकारिककताको सम्वन्धमा राज्यले प्रष्ट नीति नवनाउँदा व्यवसायिले अनावश्यक दुःख पाउन परेको भन्दै महासंघले त्यसको आधिकारीकता प्रष्ट पार्न राज्यसँग आग्रह गरेको हो ।

महासंघले सरकारका विभिन्न निकायका उच्च पदस्थ अधिकारीहरुसँग भेटगरी उपभोक्तावाट फिर्ताआएका र झिटी गुण्टा अन्तर्गत आएका सुनको खरिदको राज्यले प्रष्ट नीति निर्माण गर्न नसक्दा व्यवसायिले अनाहकमा दुःख पाएको बताएको छ । महासंघका अध्यक्ष अर्जुन

रसाइलीले खरिद विललाई आधिकारिकता प्रदान नगरिए देशभरका व्यवसायी बाध्य भएर आन्दोलनमा उत्रनुको विकल्प नभएको बताउनुभयो ।

सुनचाँदीको कारोबारका क्रममा व्यवसायीहरुलाई झुटा मुद्धा लगाउने र अनाहकमा दुःख दिने परिपाटी रहेको भन्दै उहाँले सुनचाँदीको गरगहना फिर्ता आउँदा व्यवसायिले उपलब्ध गराउने विललाई आधिकारीकता दिइनु पर्ने आवश्यकता औंल्याउनु भयो । यसो नभई सर्वसाधारण व्यवसायीलाई अनाहकमा दुःख दिने नीति मात्र राज्यले अवलम्वन गरे आम व्यवसायी चुप लागेर नवस्ने उहाँको भनाई छ ।

व्यवसायीले व्यवसाय सञ्चालमा क्रममा सुनचाँदीको गरगहना खदिर गर्ने क्रममा दिने विललाई राज्यले आधिकारिकता नदिई व्यवसायीलाइ अनाहकमा दुःख दिइको महासंघको भनाई छ । महासंघले यस विषयमा हालै एक ज्ञापनपत्र बुझाउँदै राज्यको ध्यानाकर्षण समेत गराइसकेको छ ।

# सुनचाँदी कारोवार एवं नीति निर्देशकि लगायत समसामयिक विषयक १ दिने संयुक्त कार्यशाला गोष्ठी सातै प्रदेशमा सम्पन्न




**कोशी प्रदेश**

नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल हस्तकला महासंको संयूक्त आयोजना तथा कोशी प्रदेशको सहकार्यमा सुनसरी संगितचोक स्थित होटेल ईन टुरिष्ट प्यालेसमा नेपाल सुनचाँदी व्यवसायी महासंघका तृतिय उपाध्यक्ष रुपदल विश्वकर्मा (राजुधमला) को प्रमुख अतिथिमा केन्द्रीय सदस्यहरु टिकाराम लाम्गादे, राजकुमार गुप्ता, विमल कुमार वेगवानीको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममामहासंघका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा कोशी प्रदेश अध्यक्ष विसन शाक्यले शुभकामना मन्तव्य दिनु भएको थियो भने नेपाल सुनचाँदी व्यवसायी महासंघका कोशी प्रदेशका सभापति रमेश रसाईलीले धन्यवाद ज्ञापन गर्नु भएको थियो । उक्त कार्यक्रममा कोशी प्रदेशमा रहेका दुवै महासंघका जिल्ला तथा नगर संघहरुका पदाधिकारी तथा सदस्यहरुको सहभागीता रहेको थियो । गोष्ठिबाट सुनचाँदी व्यवसायीहरुलाई सरकारबाट चाडो भन्दा चाँडो सुन चाँदी निति निर्देशिका लागु गराई व्यवसायीहरुलाई माग सम्बोधन गर्नको लागि आव्हान गरेका छन् ।

**मधेस प्रदेश**

सुनचाँदी कारोवार एवं नीति निर्देशकि लगायत समसामयिक विषयक १ दिने संयुक्त कार्यशाला गोष्ठी



बैशाख २७ गते शनिवार बर्दिवास होटल नब्यमा सम्पन्न भएको छ ।  नेपाल सुनचाँदी व्यवसायी महासंघ , नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र हस्तकला महासंघको आयोजना देशव्यापि कार्यक्रम अनुसार मधेश प्रदेशको आयोजनामा गोष्ठी सम्पन्न भएको हो ।

प्रमुअ अतिथि नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाईलीको र मधेश प्रदेशका सभापति रामजी साहको अध्यक्षतामा केन्द्रीय सदस्यहरु नरेन्द्र विश्वकर्मा, विकास कुमार सारडा, कामेश्वर नाथ प्रसाद साहको उपस्थिति रहेको थियो भने विशिष्ट अतिथिः नेपाल सुनचाँदी रत्नतथा आभुषण महासंघका सुधिर अग्रवाल सहित ८ वटा जिल्ला संघहरु र ५ वटा

नगर संघहरु बाट जिल्ला/नगर संघ अध्यक्षहरु लगायतपदाधिकारीहरु, कार्य समिति सदस्यहरु र सुनचाँदीव्यवसायीहरु गरी करिब जम्मा २०० जनाको सहभागीता रहेको थियो ।

कार्यक्रममा नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका सुधिर अग्रवालज्यूले शुभकामना मन्तव्य दिनु भएको थियो । सो अवसरमा प्रमुख अतिथि अर्जुन रसाईलीज्यूले महासंघ मधेस प्रदेश सुनचाँदी व्यवसाय अगाडी बढाउने काममा लागी पर्ने, सुनचाँदीव्यवसायीहरुको पान नं.को आधारमा कच्चापदार्थ बाँडफाँड गराउने पहल, सुनचाँदीनीति/निर्देशिका छिटो भन्दा छिटो लागु गराउन नेपाल सरकारसँग कुरा अगाडिबढाउने, सुनचाँदीनीति/नियम, ऐन कानूनव्यवसायीमुखीबनाउन नेपाल सरकारसँग पहल गरी लागु गराउने सुनचाँदीमालागेको २ प्रतिशत विलाशिता कर खारेज गराउने पहल गर्ने जस्ता सान्दर्भिक कुराहरु राख्नु भएको थियो ।

साथै मधेश प्रदेशका अध्यक्ष रामजी साहज्यूले आफ्नो भनाई राख्दै मधेस प्रदेशप्रमुखशहरहरु विरगञ्ज र जनकपुर बाट सुन र चाँदी उपलब्ध हुनु पर्ने, १०० र २०० ग्रामका सुनहरु व्यवसायीहरुलाई उपलब्ध गराउनु पर्ने, प्रदेशको लागी ठोस रुपमा कार्यविधि बनाउनु पर्ने आदि इत्यादी विषयहरु उठाउनु भएको थियो ।




सुनचाँदी कारोवार एवं नीति निर्देशकि लगायत समसामयिक विषयक १ दिने संयुक्त कार्यशाला गोष्ठी बैशाख २७ गते शनिवार काठमाडौंमा सम्पन्न भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त आयोजना तथा प्रदशे महासंघको सहकार्यमा देशव्यापि कार्यक्रम अनुसार वागमति प्रदशेको काठमाडौंमा गोष्ठी सम्पन्न भएको हो ।

**वागमती प्रदेश**

नेपाल सुनचाँदी व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्षको प्रमूख आतिथ्यतामा सम्पन्न भएको सो कार्यशाला गोष्ठिमा वागति प्रदेशका सुनचाँदी व्यवसायीहरुले सुनचाँदी कारोवार एवं निर्देशिका बनाएर व्यवसायलाई मर्यादित तथा नियमन गर्नुपर्ने माग राखेका छन् । यसका लागि महासंघलाई जस्तो सुकै सहयोग गर्न पनि आफुहरु तयार रहेको उनीहरुले बताए ।

त्यसक्रममा रत्न तथा आभुषण महास.घका वरिष्ठ उपाध्यक्ष द्वारिका विश्वकर्मा, महासंघका प्रथम उपाध्यक्ष धर्मशुन्दर बज्रचार्य, महासचिव किरणभाई बज्राचार्य, सचिव ट्लक विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो । गोष्ठिमा हस्तकला महासंघका वरिष्ठ उपाध्यक्ष राजमान बज्राचार्यले स्वागत भाषण गर्दै व्यवसायीको हितका लागि तीनैवटा महासंघ एक भइर अगाडि बढ्ने प्रतिवद्धता जवनाउनुभयो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका वागमति प्रदेश अध्यक्ष ज्योतिरत्न बज्राचार्यको सभापतित्वमा सम्पन्न सो गोष्ठिमा उक्त प्रदेश अन्तर्गतका विभिन्न जिल्ला/नगरका अध्यक्ष तथा पदाधिकारी एवं सदस्यहरुले आ आफ्नो धारणा राख्नु भएको थियो ।

## गण्डकी प्रदेश



नेपाल सुनचांदी व्यवसायी महासंघ गण्डकी प्रदेश र नेपाल सुनचांदी रत्न तथा आभुषण महासंघ गण्डकी प्रदेशको संयुक्त आयोजनामा सुनचांदी कारोबार एबं नीति निर्देशिका लगाएत समसामयीक बिषयमा संयुक्त कार्यशाला गोष्टी सम्पन्न भएको छ । २०८२ साल बैशाख २७ गते पोखरा सृजना चोकस्थित साइमन पार्टी प्यालेसमा उक्त कार्यशला गोष्ठी सम्पन्न भएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका गण्डकी प्रदेश सभापति चन्द्रकिशोर गौतमको सभापतित्वमा सम्पन्न उक्त कार्यशाला गोष्ठीमा नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसन सुनारको प्रमुख अतिथि रहनु भएको थियो ।

उक्त कार्यशाला गोष्ठीमा सुनचाँदी विक्री वितरण सम्बन्धि कार्यविधि र निर्देशिकाको अन्तिम रुप दिएर सुझाव संकलन गरिएको थियो । सुझावमा सानादेखि ठूला व्यवसायीलाई निर्धक्कसँग व्यापार व्यवासाय गर्ने वातावरण बनोस भन्ने सुझावलाई सवैले जोड दिनुभएको थियो ।

कार्यक्रममा आफ्नो भनाई राख्ने क्रममा प्रमुख अतिथि किसान सुनारले केन्द्रमा तीनवटा महासंघ भएतापनि हामीमा कुनै राजनीतिले प्रभाव नपार्ने र सुनचाँदी व्यवसायीको हितको लागी सवैसँग मिलेर काम गर्ने बताउनुभयो । उनले तीनवटै महासंघहरु मिलेर नीति निर्देशिका बनाउने काम धेरै अघि बढिसकेको र प्रधानमन्त्रीलाईसमेत भेटेर प्रतिवेदन पेश गरेको बताउँदै उहाँले सवै सर्कलका व्यवसायीको अपनत्व हुनेगरी नीति नियम र निर्देशिका बनाउन तीनवटै महासंघ प्रतिबद्ध रहेको बताउनुभयो ।



उक्त कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी महासंघका सचिव निर्मल दियाली , केन्द्रिय सदस्य राजेन्द्र सुनार र नेपाल सुनचाँदी तथा रत्न आभूषण महासंघका केन्द्रिय सदस्य सुरज सुनारले आफ्नो मन्तब्य राख्नु भएको थियो । त्यस्तै शुभकामना मन्तब्य नेपाल सुनचाँदी गण्डकी प्रदेशका सभापति चन्द्रकिशोर गौतम र धन्यवाद मन्तब्य नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ गण्डकी प्रदेशका अध्यक्ष रामबहादुर वि.क. ले राख्नुभएको थियो भने कार्यक्रम संचालन नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ, गण्डकीका महासचिव शालिकराम गहतराजले गर्नुभएको थियो ।

## लुम्विनी प्रदेश

नेपाल सुनचाँदी ब्यबसायी महासङ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासङ र नेपाल हस्तकला महासंघको संयुक्त आयोजना तथा लुम्बिनी प्रदेशको सहकार्यमा आयोजित सुनचाँदी कारोबार एबम नीति र निर्देशिका लगाएत समसामयिक विषयक सयुक्त कार्यशाला गोष्ठी गत बैशाख २७ गते दाङको लमहिमा

सम्पन्न भयो । नेपाल सुनचाँदी व्यवसायी महासंघको कोषाध्यक्ष सुदिप श्रेष्ठको प्रमुख आतिथ्यतामा सो गोष्ठि सम्पन्न भएको हो । गोष्ठिमा महासंघको लुम्वीनी प्रदेस अध्यक्ष ध्रुव कुमार गहतराजको सभापतित्वमा सम्पन्न भएको हो । कार्यक्रममा त्यस प्रदशेमा रहेका जिल्ला/नगरका सुनचाँदी व्यवसायीहरुको बाक्लो उपस्थिति रहेको थियो ।

लुम्विनी प्रदेस अन्तर्गतका १२ जिल्लाका ब्यबसायीहरुको उत्साहजनक सहभागीताले कार्यक्रम अत्यन्तै उपलब्धि मुलक भएको कोषाध्यक्ष श्रेष्ठले बताउनुभयो । त्यसक्रममा सहभागी व्यवसायीहरुले सुनचाँदी व्यवसायीको हितमा महासंघहरुले गरेका प्रयासको लुम्विनि प्रदशेका व्यवसायीद्धारा सह्रहना गर्नुभएको थियो । महासंघहरुले व्यवसायीको हितका लागि आपसी सहकार्यमा कार्य गर्दै आएका छन् । त्यसक्रममा महासंघको तर्फवाट अवधारणा पत्र प्रश्तुत गरिएको थियो ।

**कर्णाली प्रदेश**

सुनचाँदी कारोवार एवं नीति निर्देशकि लगायत समसामयिक विषयक १ दिने संयुक्त कार्यशाला गोष्ठी बैशाख २७ गते शनिवार वीरेन्द्रनगर सुर्खेतमा सम्पन्न भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघ र नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघको आयोजना देशव्यापि कार्यक्रम अनुसार कर्णाली प्रदेशको आयोजनामा गोष्ठी सम्पन्न भएको हो ।




गोष्ठीमा कर्णाली प्रदेशका विभिन्न स्थानिय सुनचाँदी व्यवसायीहरुले सुनचाँदी कारोवार एवं निर्देशिका बनाएर व्यवसायलाई मर्यादिन तथा नियमन गर्नुपर्ने माग राखेका छन् । बैंकको एकहोरो सिन्डिकेटका विरुद्ध जाँदै व्यवसायी संघहरुले प्रदेश स्तरमा सुनको उपलब्धता हुनुपर्ने माग गर्दै व्यवसायीहरुले पान नं र करचुक्ताका आधारमा ५० ग्राम देखी सुन बैंकले उपलब्ध गराउने, व्यवसायीक सुरक्षा लगातका विषयमा माग गरिएको सुनचाँदी व्यवसायी महासंघ कर्णाली प्रदेशका अध्यक्ष जनक सुनारले बताउनुभयो । त्यस्तै, ज्याला जर्तिमा समेत बजार अनुसार एकरुपता हुनु पर्ने र व्यवसाय नै धरापमा परेको गुनासो गर्दै स्थानिय व्यापारीले कारखाना र रिफाईनरी सेन्टरलाई नियमन गरिनुपर्ने सुझाव दिएका छन् ।

नेपाल सरकारले सुनचाँदी नीति तथा निर्देशिका बनाउन बेवास्ता गरेको भन्दै नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका सचिव किशोर सेन्चुरीले जुनसुकै हालतमा पनि निर्देशिका बनाउन पहल गर्ने बचन दिएका छन् । राज्यले दिएका दुख कष्टलाई समाधान गर्ने तयारीका साथ लागेको सुनचाँदी व्यवसायी महासंघ कर्णाली प्रदेशका अध्यक्ष जनक सुनारले पेशालाई नयाँ व्यवस्थित र वैज्ञानिक तवरमा कानुनी एजेन्डाका रुपमा लैजान महासंघले महत्वपुर्ण भुमिका खेल्नपर्ने बताउनुभयो ।

स्वर्ण दर्पण ई-बुलेटिनमा शुभकामना सन्देश/ विज्ञापनका साथै यहाँहरूसँग भएका कुनैपनि सूचना वा समाचार भए महासंघको सचिवालयमा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

-फेनेगोसिडा परिवार



नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघ र नेपाल हस्तकला महासंघको संयुक्त आयोजना र सुदुरपश्चिम प्रदेशको सहकार्यमा धनगढी स्थित होटल डिभोटीमा नेपाल सुनचाँदी व्यवसायी महासंघका सुदुरपश्चिम प्रदेशका

**सुदुरपश्चिम प्रदेश**

अध्यक्ष सन्तोष लामिछानेको सभापतित्वमा नेपाल सुनचाँदी व्यवसायी महासंघका द्धितिय उपाध्यक्ष बुद्धि बहादुर वि.के को प्रमुख अथितिमा केन्द्रिय सदस्य णेश बहादुर सुनार, रमेश बहादुर सुनार, आमन्त्रीत सदस्य कृष्ण मान सोब तथा नेपाल सुनचाँदी रत्न तथा आभुषण महासंघका कोषाध्यक्ष गणेश बहादुर विश्वकर्मा, सुदुरपश्चिम अध्यक्ष कमल प्रसाद लामिछाने, केन्द्रिय सदस्य जगत बहादुर सुनार र दुवै महासंघका सुदुरपश्चिम प्रदेशमा रहेका जिल्ला/नगर संघका पदाधिकारी सदस्यहरुको अपस्थितिमा सम्पन्न भयो । उक्त कार्यक्रममा ७२ जनाको उपस्थिति रहेको थियो ।

## तुलसीपुर दाङ सुनचाँदी व्यवसायी संघद्वारा कर शिक्षा कार्यक्रम सम्पन्न

दाङ । तुलसीपुर दाङ सुनचाँदी व्यवसायी संघ तुलसीपुरले कर शिक्षा कार्यक्रम गरेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका कोषाध्यक्ष सुदिप श्रेष्ठको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको हो । कायृक्रममा आन्तरिक राजस्व कार्यालय प्रमुख श्रीधर टनडने बिशिस्ट अथिति तथजा नेपाल




सुनचाँदी व्यवसायी महासंघ सदस्यद्धर लोकबहादुर सुनार र मदन केसी अतिथिका रुपमा सहभागी हुनु भएको थियो । आन्तरिक राजस्व कार्यालय अधिकृत प्रेम सुनार , हिरानन्द देबकोटा , उपेन्द्र पुन मगर र नायव सुब्बा तिलक रोका , तुलसीपुर उद्योग वाणिज्य संघका सह कोषाध्यक्ष दिपेश भण्डारी लगायतका ब्यक्तिको सो कायृक्रममा सहभागिता रहेको थियो । त्यस क्षेत्रमा सुनचाँदी व्यवसायीहरूको वाक्लो उपस्थिति रहेको सो कार्यक्रम तुलसीपुर दाङ सुनचाँदी व्यवसायी संघका अध्यक्ष हरिकृष्ण बिकको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रमको सहजिकरण महासचिव तुल्सीराम सुनारले गर्नुभएको थियो ।

कार्यक्रममा अवसरमा ब्यवसायीहरुलाई कर शिक्षा प्रदान गरिएको थियो । त्यसक्रममा कर सम्वन्धी कार्यको ब्यवस्थापन, खरिद क्री खाताको ब्यवस्थापन, विल विजक, लेखा परक्षिण लगायत ब्यवसयीलाई ब्यवसाय सञ्चालनकाक्रममा आवश्यक पर्ने विभिन्न खालका जानकरी प्रदान गरिएको थियो ।